# मलबीउ छर्ने हाते मेसिन (Earthway Spreader)




यो हातबाट चल्ने गेडेमल वा बीउ छर्ने मेसिन हो । यस मेसिनद्धारा एकनासले बीउ वा गेडेमल छर्न सकिन्छ । यसको मल राख्ने झोला पानी नसोस्ने बिषेश किसिमको नाइलनबाट बनेको हुन्छ र एक पटकमा लगभग ९ के.जी. सम्म मल वा बीउ राखेर छर्न सकिन्छ ।

## मेसिनका फाइदाहरु

- हातबाट परम्परागत रुपमा छर्ने तुलनामा यस मेसिनबाट थोरै समयमा धेरै क्षेत्रफलमा मल वा बीउ छर्न सकिन्छ ।
- बिभिन्न प्रकारका गेडेमल लगायत धान, गँहु, मुसुरो, तोरी आदि बालीहरुको बीउ पनि छर्न सकिन्छ ।
- एकनासले छर्न हुनाले छरेको मल वा बीउको राम्रो सदुपयोग हुन्छ ।
- बुढा–बुढी, महिला तथा युवा सबैले सजिलैसँग हातले चलाएर एकनासले मल तथा बीउ छर्न सक्छन् ।
- हातले मल तथा बीउ सोझै छुन नपर्ने हुनाले शरिरमा पर्न सक्ने नकरात्मक असर ज्यादै कम हुन्छ ।

## मेसिन चलाउने तरिका

- सर्बप्रथम प्रति कठ्ठा कुन दरमा मल तथा बीउ झार्ने हो त्यसै अनुसार मेसिन सेट गर्नुपर्दछ । मेसिन सेट गर्नको लागि तल्लो भागमा रहेको पेचलाई सार्नु पर्दछ (चित्र नं १) । पेचलाई पछाडि सार्दा मल वा बीउ खस्ने प्वालको साइज बढ्ने हुंदा मल वा बीउ खस्ने मात्रा पनि बढ्दै जान्छ ।
- पेचलाइ निश्चत नम्बरमा सेट गरेपछि राम्रो सँग कस्नु पर्दछ । (चित्र नं १)
- मल वा बीउ झोलाको आधा वा दुई तिहाई भागसम्म मात्र भर्नु पर्दछ । यसरी भर्दा मल वा बीउ झर्ने प्वालबन्द भएको हुनु पर्दछ । प्वालबन्द गर्नको लागि लिभरलाई पेच भन्दा अगाडि सार्नुपर्दछ (चित्र नं २)।
- मल वा बीउ एक नासले छर्नको लागि ह्यान्डललाई हिडाइको एक पाइलामा एक फन्को भन्दा बढि घुमाउनु हुदैन । यसको लागि मल तथा बीउ छर्न शुरु गर्नु अघि स्लाइड बन्द गरि ५० मिटर जति हिड्दै ह्यान्डल घुमाउनु पर्दछ । जसले गर्दा हिडाई र ह्यान्डल घुमाईको ताल मिलोस । )
- मल वा बीउ छर्न शुरु गर्नु भन्दा पहिला ह्यान्डल घुमाउने र त्यस पछि मात्र मल वा बीउ झर्ने प्वाल खोल्ने । मल वा बीउ झर्ने प्वाल खुलाउनको लागि लिभरलाइ नट भन्दा पछाडी राख्ने । (चित्र नं ३)
- सामान्यतया यो मेसिनले मल तथा बीउ छर्दा एक पासमा ८ मिटरको चौडाईमा फिजाउँछ अथवा केन्द्रबाट दांया तथा बांया दुबैसाइडमा ४/४ मिटरको दुरिमा फिजाउंछ । (चित्र नं ४)

**नोट थप जानकारीको लागि सम्पर्क: ९८४४९९७५९१, ९८४७०२०७५०**

CSISA Factsheet | www.CSISA.org

©CSISA 2015. Attribution – Non Commercial-ShareAlike 4.0 (Unported)



चित्र नं १. पेच सेटिङ




चित्र नं २.मल वा विउ झर्ने प्वाल बन्दगर्न लिभरलाई अगाडि सारेका



चित्र नं ३.मल वा विऊ झर्ने प्वाल खुलाउन लिभरलाई पछाडि सारेको

- मल तथा बीउ छर्न सुरु गर्दा खेतको शुरुको डिल देखि ४ मिटर दांया छोडेर सुरु गर्नु पर्दछ र खेतको अन्तीम डिलमा पुग्नु भन्दा करिब २–३ मिटर अगाडिनै छर्न रोक्नु पर्दछ। (चित्र नं ४)
- हरेक पटक मल तथा बीउ छरेर फर्कदा पहिले छरेको ठाउबाट दांयातिर करिब ६ मिटर छोडेर छर्न सुरु गर्नु पर्दछ। (चित्र नं ४)
- सामान्यतया एक फड्कोमा ह्या(न्डल एक फन्को घुमाउदा - युरिया/डिएपी मल छर्न लिभरलाइ नम्बर १ मा राख्दा १ किलो, २ मा राख्दा २ किलो र ३ मा राख्दा ३ किलो प्रति कठ्ठाका दरले मल झर्दछ।
- मुसुरो छर्न लिभरलाइ नम्बर २.५ मा राख्दा १ किलो प्रति कठ्ठाका दरले बीउ झर्दछ
- गहुँ छर्न लिभरलाइ नम्बर ४.५ मा राख्दा ४ किलो प्रति कठ्ठाका दरले बीउ झर्दछ

**नोट:** *तर मल तथा विउ झर्ने दर हिडाइ र ह्यान्डल घुमाउने गतिमा भर पर्दछ।*




चित्र नं ४. खेतको प्लट भित्र बिभिन्न मापनमा मल तथा बीउ छर्ने तरिका

## मेसिन चलाउदा ध्यान दिनु पर्ने कुराहरु

- ह्यान्डल घुमाउदा लिभरलाई अगाडी सर्न नदिन औलाले समाई राख्नु पर्दछ।
- डल्ला परेको मल छ भने राम्रो सँग फुटाएर मात्र मेसिनमा राखि प्रयोग गर्नु पर्दछ।
- ओसिलो मल ह्यान्डलले घुमाउंदा मेसिनमा टांसिने र प्वालबाट राम्रो संग नझर्ने हुंदा त्यस्तो मल प्रयोग गर्नु हुदैन।
- मेसिन चलाउँदा सुरक्षात्मक पहिरन जस्तै: एप्रोन, पन्जा, चस्मा, टोपी आदि लगाउनु पर्दछ।
- मेसिन चलाउँदा मल वा बीउ बीचवाट दुवैतर्फ बराबर छरे नछरेको राम्रोसंग हेरेर त्यसै अनुरुप झोलालाई केही दायाँ वा वायाँ घुमाएर दुवै तर्फ बराबर झर्ने बनाउनु पर्दछ।
- मेसिन प्रयोग गरि सके पछि झोलालाई राम्रो सँग सफा गरेर सुक्खा ठाउँमा राख्नु पर्दछ।



©CSISA 2015 . Attribution – Non Commercial-ShareAlike 4.0 (Unported)